# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## स्वतः प्रकाशन
**(Proactive Disclosure)**

२०८३ वैशाख - असार


नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड
बालुवाटार, काठमाडौं

फोन नं. ०१-४५४१९८५, ४५३८२४७, ४५३८३१७

इमेलः **info@nepaltransit.gov.np** वेबसाइटः **:www.nepaltransit.gov.np**

# विषयसूची

१. कम्पनीको स्वरुप र प्रकृतिः......................................................................१
२.सँगठनात्मक स्वरुप......................................................................................४
३.कम्पनीमा कार्यरत कर्मचारी संख्या.....................................................................५
४. कम्पनीले प्रदान गर्ने र सम्पादन गर्नुपर्ने कार्यहरु..............................................५
५.सेवा प्रवाह गर्ने शाखा र जिम्मेवार पदाधिकारीहरु...............................................८
६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ..........................................................९
७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः ........................................................... ११
८. निर्णय विरुद्ध उजुरी सुन्ने अधिकारीः...................................................... १२
९. सम्पादन गरेका कामको विवरणः................................................................ १२
१०. सूचना अधिकारी र प्रमुखको नाम, पदः ..................................................... १३
११. ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरूको सूचीः ........................................ १३
१२.आर्थिक कारोवार सम्बन्धी विवरणहरूः ........................................................ १४
१३.कम्पनीको वेबसाईट सम्बन्धी विवरणः.......................................................... १५
१४.कम्पनीका सूचनाहरू प्रकाशन सम्बन्धी विवरणहरूः ........................................ १६
१५.सूचनाको हक र पारदर्शिता सम्बन्धी विवरणः................................................ १६
१६.सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः......................... १६

**सूचनाको हक सम्बन्धी ऐन, २०६४** को दफा ५(३) र **सूचनाको हक सम्वन्धी नियमावली, २०६५** को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## १. कम्पनीको स्वरुप र प्रकृतिः

नेपालको आयात/निर्यात व्यापारलाई सहजीकरण गर्ने उद्देश्यले वि.सं.२०२८ भाद्र ३० मा नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी कम्पनी ऐन, २०२१ अन्तर्गत दर्ता भई भारतको कम्पनी ऐन, १९५६ अन्तर्गत विदेशी कम्पनीको रूपमा भारतमा समेत दर्ता भइ लामो समयदेखि निरन्तर सेवा प्रवाह गर्दै आइरहेको छ । नेपाल भारत पारवहन सन्धिले यस कम्पनीलाई नेपालले प्राप्त गरेको दीर्घकालीन लिज जमिनको तोकिएको प्रयोगकर्ता (Protocol: I.2.), पारवहन कार्गोको सम्भाव्य ट्रक सञ्चालक (Protocol: I.7.), Customs House Agent-CHA) (Protocol: I.8.), नेपाल बंगलादेशबीचको व्यापार सहजीकरणका लागि तोकिएको एकल Customs Transit Declarants तथा पारवहन जमानतकर्ता (Protocol: 1A.X. & xi), नेपाल देखि कोलकाता चल्ने निजी व्यावसायिक ढुवानीका साधनको जमानतकर्ता (Protocol:7), संवेदनशील तथा सरकारी कार्गोको पारवहन जमानतकर्ता (Memorandum: B.I.9., 9. Note 1. & B. II. 8., 8. Note 1) जस्ता भूमिका प्रदान गरेको छ।

### कम्पनीका उद्देश्यहरु

(क) आयात/निर्यात व्यापारमा सुविधा उपलव्ध गराई नेपालको अर्थ व्यवस्थाको विकासमा टेवा दिने ।

(ख) आयात/निर्यात व्यापारमा पारवहन सम्वन्धी सुविधाहरुमा वृद्धि र खर्चमा स्थिरता ल्याउने किसिमसँग आफ्नो कारोवार सञ्चालन गर्ने ।

(ग) सरकारी र गैर सरकारी जुनसुकै ग्राहकहरुलाई आवश्यक सुविधा तथा सेवा उपलव्ध गराउने ।

(घ) आधिकारीक निकायको स्विकृति र सहमतिले प्रचलित कानूनको अधिनमा रही आयात/निर्यात व्यापारको लागि सुविधाजनक गोदामघर CFS/ICD/ICP पूर्ण रुपमा वा आंशिक रुपमा सञ्चालन गर्ने ।

(ङ) नेपालको सामान राख्ने गोदाम घर वा क्षेत्रबाट नेपालको लागी हुने वा नेपालबाट निर्यात हुने मालसामानको पारवहनमा सुविधा एवं सेवा उपलव्ध गराउने ।

(च) नेपालमा आयात हुने र नेपालबाट निर्यात हुने सामानहरु जहाजबाट लोड अनलोड गर्ने गराउने सुविधा दिने ।

(छ) आयात निर्यात हुने मालसामानलाई नेपाल राज्यबाट वा नेपाल राज्य भित्र निर्दिष्ट ठाउँमा पुर्याउन निमित्त मालसामान जाच्ने, लगत भिडाउने र भरपाई दिने कार्यहरु गर्ने ।

(ज) नेपालको निमित्त आयात हुने तथा नेपालबाट निर्यात हुने मालसामानहरुको क्लियरिङ्ग तथा फरवाडिङ्ग सेवा उपलव्ध गराउने ।

(झ) विभिन्न निर्दिष्ट स्थानको निमित्त प्राप्त ठुलो कन्साईन्मेन्टको धेरै परिमाणका सामानहरु स-साना कन्साईन्मेन्टमा विभाजन गर्ने ।

(ञ) स-साना कन्साईन्मेन्टहरुको सामान एकत्रित गर्ने ।

(ट) नेपालको निर्दिष्ट स्थानको लागी आयात भएको तथा नेपालबाट निर्यात हुने सामानहरुको परिवहन क्रममा पर्ने लोडिङ, भंसार, जचाउने, छाप लगाउनेआदि कामको रेखदेख गर्ने गराउने।

(ठ) रेल्वे, वैगन, ट्रक तथा कन्टेनरहरुमा ताल्चा लगाउने लोड गराउने सिल लगाउने ।

(ड) नेपाली आयात निर्यातकर्ताहरुको निमित्त विभिन्न मालसामान ढुवानी गर्न जहाजमा ठाँउ उपलव्ध गराउन मध्यस्थ भै काम गर्ने ।

(ढ) आयात वा निर्यात हुने मालसामानहरुवारे सम्वन्धित अधिकारीहरुसँग सवै औपचारिक कारवाहि गर्ने ।

(ण) मालसामानहरु (कार्गोज र सिपमेण्ट) को बीमा सम्वन्धी व्यवस्था गर्ने ।

(त) नेपाली आयात निर्यातकर्ताहरुलाई प्राप्त वन्दरगाह तथा पारवहन सेवा किफायतीलो ढंगबाट वृद्धि गर्ने, कार्यविधि तथा व्यवस्था सम्वन्धित अनुसन्धान गर्ने र सिफारिस गर्ने ।

(थ) कम्पनीको लागी आवश्यक घर, जग्गा, भवन, फर्म, पानी तथा बाटो सम्वन्धि अधिकार अन्य कारोवार, सहुलियत, विषेश अधिकार, उत्तराधिकार र कुनै मेसिनरी कारखाना, भाडावर्तन, ट्रेडमार्क र अन्य जुनसुकै प्रकारको चल वा अचल सम्पती सम्पूर्ण रुपमा वा कुनै सर्तमा आफै वा संयुक्त रुपमा सहुलियत, अनुदान खरिद एकिकरण, सट्टापट्टा, भाडामा वा लाईसेन्समा वा जुनसुकै तरिकाले प्राप्त गर्ने ।

(द) कम्पनीलाई आवश्यक रेल्वे, व्हार्फस, पाएर्स, डक, पानी जहाज, लाईसेन्स लन्चेज, डुंगा र सवै किसिमका भेसलसहरु, रेल्वे इन्जिनहरु, रेलका डिव्वा र अन्य गुड्ने साधन (रौलिंग स्टक) ट्रक, लहरी, टैक्टर, कन्टेनर, ट्रेलर, लोड अनलोड गर्नमा प्रयोग हुने कलहरु क्रेनस र डेरिक्सहरु खरिद गर्ने निर्माण गर्ने, वनाउने मर्मत गर्ने भाडामा लिने वा अन्य जुनसुकै तरिकाले प्राप्त गर्ने प्रयोगमा ल्याउने वा बिक्रि गर्ने वा अन्य तरिकाबाट नामसारी गर्ने व्यवस्था गर्ने ।

(ध) कम्पनीको कार्यक्षेत्र भित्रको कारोवार गर्ने वा गरिरहेका वा अधिकार प्राप्त भएका वा अन्य व्यक्ति वा व्यक्तीहरु वा कम्पनीसँग साझेदार वा अन्य प्रकारले सम्मिलित भई नाफामा भाग लिने वा नाफालाई संकलन गर्ने कुनै संयुक्त कारोवार वा आपसि सहुलियत वा सहयोगद्धारा आफ्नो कारोवार चलाउने वा कम्पनीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लाभ हुने जुनसुकै काम तथा कारोवार गर्ने ।

(न) कम्पनीको उद्देश्य पुर्तिमा सहायक हुने हक, सहुलियत तथा सुविधा प्राप्त गर्न सरकारी नगर पालिका, स्थानीय निकाय वा अन्य अधिकारीहरुसँग आवश्यक व्यवस्था गर्ने र त्यस्तो हक इत्यादिको सञ्चालन, प्रचलन तथा पालन गर्ने ।

(प) कम्पनीको उद्देश्य अनुरुप काम गर्न नेपाल राज्य वाहिर जुनसुकै देश वा स्थानमा कम्पनीलाई मान्यता प्राप्त गराउन, रजिष्टर गराउन इन्कर्पोरेट गराउन र शाखा खोल्न आवश्यक व्यवस्था गरी त्यस्तो प्रत्येक ठाउँमा कारोवार सम्वन्धी छुट्टै अभिलेख राख्ने ।

(फ) कम्पनीको कारोबार वृद्धि गर्न अन्य कुनै कम्पनीसँग छुट्टै संयुक्त उपक्रम (Joint Venture) कम्पनी स्थापना गरी कारोबार गर्ने,

(ब) नेपाल राज्य भित्र वा बाहिर कम्पनीको नाममा कुनैपनि बैक वा बैक सम्वन्धी कारोवार गर्न खाता खोल्न र सञ्चालन गर्ने र चेक, ड्राफ्ट हुण्डि वील अफ लेन्डिङ वारेण्टस, बील अफ एक्सचेन्ज, प्रिमिसरी नोट वा अन्य लेनदेन सम्वन्धी वा नामसारी हुन सक्ने लिखितहरु वा सिक्योरिटीहरु जारी गर्ने, दरपिट गर्ने वा भुक्तानी दिने वा अन्य तरिकाबाट प्रचलन (नेगोसियट) गराउने ।


(ब१) अन्य व्यक्ति तथा कम्पनीहरु वा सरकारी निकायहरुसँग सम्झौता गरी आवश्यक कारोवार गर्ने,

(भ) उपरोक्त सबै वा केहि कार्यहरु गर्न वा कम्पनीको उद्देश्य बमोजिम कम्पनीलाई हित हुने कार्य गर्ने वा त्यस्ता कार्यहरुको सम्वन्धमा गर्नुपर्ने अन्य आवश्यक कार्य गर्न प्रिन्सिपल, एजेन्ट ठेकेदार र ट्रष्टि वा यस्तै अन्य त्यस्तै हैसियतले कार्य गर्ने वा त्यस्तो कार्य ट्रष्टी एजेन्ट मार्फत वा अन्य उपायद्धारा सम्मिलित भई वा संयुक्त रुपमा गर्ने गराउने ।

## २.सँगठनात्मक स्वरुप

नेपाल सरकारलाई अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्न देशका विभिन्न जिल्लामा तथा भारत स्थित कोलकाता र हल्दियामा विभिन्न शाखाहरु स्थापना भएको छ । जसको देहायबमोजिम उल्लेख गरिएको छ ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. सांगठनीक संरचना अनुसूची - २



## ३.कम्पनीमा कार्यरत कर्मचारी संख्या

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि

प्रशासन महाशाखा

**२०८३ असार मसान्त**

| पद | स्वीकृत स्थायी दरवन्दी | मौजुदा कर्मचारी | | |
|---|---|---|---|---|
| | | स्थायी | करार/ज्यालादारी | जम्मा |
| महाप्रवन्धक | १ | १ | | १ |
| अधिकृतस्त (तह ६ देखी ११ सम्म) | २८ | १८ | - | १८ |
| सहायकस्तर | २५ | १५ | २८ | ४३ |
| सहयोगी | १८ | ३ | ६० | ६३ |
| **जम्मा** | **७२** | **३७** | **८८** | **१२५** |

## ४. कम्पनीले प्रदान गर्ने र सम्पादन गर्नुपर्ने कार्यहरु

### मुख्य कार्यहरु

**क. गोदाम सेवाः** बिगतमा भारतको कोलकाता र नेपाल-भारत सिमानाका भन्सार बिन्दुहरुमा समेत गोदाम सेवा सञ्चालन गर्दै आएको यस कम्पनीले पारबहन ढुवानीमा आएका संस्थागत र प्रक्रियागत परिवर्तनसँगै हाल कम्पनीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र रक्सौल रेल्वे स्टेसनमा गोदाम सेवा सञ्चालन गरिरहेको छ ।

**ख. क्लियारिङ्ग/फर्वाडिङ्ग सेवाः** कम्पनीले भारतको कोलकाता र हल्दिया हुदै गरिने पारवहन पारबहन ब्यापारमा क्लियारिङ्ग फर्वाडिङ्ग सेवा उपलब्ध गराउदै आएको छ भने फुलबारी बंगलाबन्द नाकाबाट बंगलादेशसँग हुने ब्यापारमा नेपाल सरकारले तोकेको आधिकारिक निकायको रुपमा पारवहन ढुवानी सहजीकण गरिरहेको छ ।

**ग. अन्डरटेकिङ्ग सेवाः** नेपाल भारत पारवहन सन्धीको प्रावधान बमोजिम भारतीय भूमि मार्फत तेश्रो देशसँग हुने ब्यापारमा पारवहन जमानतको रुपमा भारतीय भन्सारका नाममा नेपाली आयात निर्यातकर्ताको तर्फबाट अन्डरटेकिङ्ग जारी गर्ने सेवा प्रवाह गर्दै आएको छ ।

### मुख्य कामको विस्तृतीकरण

### क. क्लियरिङ्ग सेवा

यसले भन्सार मार्फत सामान लैजान आवश्यक प्रशासनिक र नियामक प्रक्रियाहरु समावेश हुने निम्न कार्यहरु पर्दछन्:

- भन्सार दस्तावेजीकरणः स्थानीय र अन्तर्राष्ट्रिय व्यापार नियमहरूको पालना गर्न आयात निर्यात घोषणा, बिलहरू र उत्पत्तिको प्रमाणपत्रहरू जस्ता दस्तावेजहरू तयार पार्नु र पेश गर्ने,
- शुल्क र कर गणनाः सही शुल्क, कर र ट्यारिफहरू गणना गरी सरकारलाई भुक्तानी सुनिश्चित गर्ने,
- भन्सार क्लियरेन्सः आयात वा निर्यातको लागि आवश्यक सबै नियामक आवश्यकताहरू पुरा गरेपछि भन्सार अधिकारीहरूसँग समन्वय गरी सामानलाई क्लियर गर्ने ।

### ख. फर्वार्डिङ्ग सेवा

फर्वार्डिङ्गले प्रायः सीमा पार गरेर सामानहरूलाई एक स्थानबाट अर्को स्थानमा लैजाने यातायात र रसद पक्षहरु समावेश हुन्छ । यस पारवहन कम्पनीले ट्रान्जिट कम्पनीको रूपमा निम्न सेवाहरू प्रदान गर्दछः

- यातायातको समन्वयः नेपाल, भारत, र बंगलादेशबीच सडक, रेल, वा समुद्री मार्गद्वारा सामानको भौतिक आवागमनको व्यवस्थापन,
- यातायातको दस्तावेजीकरणः बिल अफ लाडिङ, वेबिलहरू, र अन्तर्राष्ट्रिय ढुवानीका लागि आवश्यक अन्य दस्तावेजहरूको व्यवस्थापन,
- कार्गो ह्यान्डलिङः ट्रान्जिटको क्रममा सामान लोड, अनलोड, र भण्डारणको निरीक्षण,
- गोदामः आन्तरिक कन्टेनर डिपो (ICDs) वा ट्रान्जिट गोदामहरूमा अस्थायी रूपमा सामान भण्डारण गर्दै, थप यातायातसम्म सुरक्षा र ह्यान्डलिङ सुनिश्चित गर्नु ।

### ग. अन्डरटेकिङ्ग सेवा

पारवहन कम्पनीले नेपाली आयातकर्ताहरू र निर्यातकर्ताहरूको तर्फबाट भारतीय भन्सार अधिकारीहरूलाई अन्डरटेकिङ्ग जारी गर्ने सेवा प्रदान गर्दछ । यो अन्डरटेकिङ्ग ट्रान्जिट

ग्यारेन्टीको रूपमा कार्य गर्दछ, जसले छिमेकी देशहरू (जस्तै भारत, बंगलादेश, चीन) लाई निम्न कुराहरूको सुनिश्चित गर्दछः

- छिमेकी देशको भूमिमा पार हुने सामानहरू कानूनी रूपमा ट्रान्जिटमा छन् र ती सामानहरू त्यहाँको बजारमा बिक्री गरिँदैनन् ।
- ती सामानहरू नेपालमा प्रवेश गर्नेछ वा नेपालबाट अन्तिम गन्तव्यमा पठाइनेछ, जसले भारतीय ट्रान्जिट र भन्सार नियमहरूको पालना सुनिश्चित गर्दछ ।

यस पारवहन कम्पनीले प्रदान गरेको अन्डरटेकिङ्ग सेवा नेपाल-भारत पारवहन सन्धिको प्रावधान अनुसार प्रदान गरिएको विशेष सेवा हो, जसले भारतीय भूमिमार्फत नेपाल र तेस्रो देशहरूबीचको व्यापारलाई सहज बनाउँछ । यस सेवाको विस्तृत व्याख्या निम्नानुसार गर्न सकिन्छः

- नेपाल-भारत पारवहन सन्धिको सन्दर्भः नेपाल भूपरिवेष्टित देश भएकाले, तेस्रो देशहरूसँगको व्यापारका लागि भारतका बन्दरगाह र पूर्वाधारमा निर्भर रहनु पर्छ। नेपाल-नभारत पारवहन सन्धिले नेपाललाई तेस्रो देशहरूमा सामानको पारवहनका लागि भारतीय भूमि र बन्दरगाह प्रयोग गर्न अनुमति दिन्छ। यस व्यवस्थाले केही ग्यारेन्टीहरू, वा अन्डरटेकिङ्गहरू आवश्यक पर्छ, जसले भारतीय भूमिमार्फत पार हुने सामानहरू कानूनी प्रक्रियाको पालना गर्ने र भन्सार नियम उल्लंघन नगर्ने सुनिश्चित गर्दछ ।
- ट्रान्जिट बण्ड/ग्यारेन्टीः जब तेस्रो देशबाट नेपालमा सामान ल्याउन भारतीय बन्दरगाहमा सामान प्रवेश गर्छ, वा नेपालबाट सामान निर्यात गर्न भारतीय बन्दरगाह प्रयोग गरिन्छ, भारतीय भन्सारले सम्भावित शुल्क र करहरूको लागि ट्रान्जिट बन्ड वा ग्यारेन्टीको माग गर्दछ । निजी कम्पनीहरूले यस ग्यारेन्टी प्रदान गर्न कठिनाइ अनुभव गर्न सक्छन्, त्यसैले नेपाल पारवहन कम्पनी तथा गोदाम व्यवस्था कम्पनीले नेपाली व्यापारीहरूको तर्फबाट अन्डरटेकिङ्ग जारी गर्छ । यो अन्डरटेकिङ्ग भारतीय भन्सारका लागि ट्रान्जिट ग्यारेन्टीको रूपमा कार्य गर्दछ, जसले सुनिश्चित गर्दछ कि कुनै शुल्क वा कर छलेको छैन र सामान नेपाल पारवहन कम्पनी तथा गोदाम व्यवस्था कम्पनीको निरीक्षणमा भारतीय भूमिमार्फत सुरक्षित पार हुन्छ ।

**नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीले यो अन्डरटेकिङ्ग जारी गरेरः**

- नेपाली व्यापारीहरूको बोझ घटाउँछ, उनीहरूको सामानले सबै आवश्यक ट्रान्जिट नियमहरूको पालना सुनिश्चित गर्दछ ।
- भन्सार प्रक्रियासँग सम्बन्धित जोखिमहरू घटाउँछ, किनकि एनटीडब्ल्यूसीएलले सामानको सुरक्षित र कानूनी रूपमा पारवहन हुने सुनिश्चित गर्दै जिम्मेवारी लिने गर्दछ ।
- भन्सार र ट्रान्जिट प्रक्रियाहरूलाई सुव्यवस्थित गर्दै सरल र द्रुत ट्रान्जिटको सुविधा प्रदान गर्दछ ।

**घ. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीको व्यापारमा अन्य विशेष भूमिका**

यस कम्पनीले अन्तर्राष्ट्रिय व्यापारलाई सहज बनाउन तपशिलका महत्त्वपूर्ण भूमिका खेल्दछः

- भन्सार अधिकारीहरू र व्यवसायहरूबीचको सेतुको रूपमा कार्य गर्दै, नेपाल र छिमेकी देशहरू (भारत र बंगलादेश) बीचको व्यापारले व्यापार सन्धिहरूले तोकेको नियमहरूको पालना गर्दछ भनी सुनिश्चित गर्दछ ।
- भन्सारसँग सम्बन्धित सेवा र रसद (लजिस्टिक) सम्बन्धी सहयोग प्रदान गरेर व्यापार अवरोधहरू घटाउँदै निजी कम्पनीहरूको बोझ घटाउँछ ।
- रणनीतिक बिन्दुहरूमा सुरक्षित गोदाम र पारवहन सेवाहरू प्रदान गर्दै, सामानको पारवहनको क्रममा सुरक्षाको सुनिश्चितता दिन्छ ।
- यो कम्पनी ट्रान्जिट क्लियरिङ्गका लागि भारत सरकारले अनुमतिप्राप्त क्लियरिङ्ग एजेन्टको रूपमा कार्य गर्दछ ।

## ५.सेवा प्रवाह गर्ने शाखा र जिम्मेवार पदाधिकारीहरु

यस कम्पनीको प्रधान कार्यालय बालुवाटार काठमाडौंमा रहेको छ। कम्पनीले आफ्ना शाखा कार्यालयबाट सेवा उपलब्ध गराउदै आएको छ ।

- **केन्द्रीय कार्यालयः** बालुवाटार, काठमाडौंबाट समग्र नीतिगत निर्णय, प्रशासनिक कार्य, समन्वय र अनुगमन सम्वन्धी कार्य गरिन्छ ।

- **कोलकाता शाखा कार्यालय तथा हल्दिया उपशाखा कार्यालयः** मित्रराष्ट्र भारतको कोलकाता शाखा तथा हल्दिया उपशाखा कार्यालय मार्फत अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि क्लियरिङ्ग, फर्वाडिङ्ग, अण्डरटेकिङ्ग तथा कन्टेनर यार्ड सम्वन्धी कार्यहरू सम्पादन गरिन्छ ।
- **काकडभित्ता शाखा कार्यालयः** बंगलादेश र नेपालबीच वस्तुहरूको आयात तथा निर्यात गर्दा भारतीय भुमिको पारवहन रूटमा क्लियरिङ्ग, फर्वाडिङ्ग, अण्डरटेकिङ्ग लगायतका कार्यहरू गरी अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गर्ने कार्य गर्दछ ।
- **त्रि.अ.वि.शाखा, पोखरा अ.वि.शाखा, गौतमबुद्ध अ.वि शाखाः** अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरणका लागि हवाई कार्गो गोदाम सञ्चालन गरी सेवा प्रवाह गरिन्छ ।
- **बिरगन्ज शाखाः** अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरणका लागि गोदाम सञ्चालन गरी सेवा प्रवाह गरिन्छ ।
- **जिम्मेवार अधिकारीः**
    - केन्द्रीय स्तरमाः महाप्रवन्धक तथा सम्वन्धित विभागिय प्रमुखहरू जिम्मेवार रहने
    - कार्यालय स्तरमाः शाखा प्रमुखहरू जिम्मेवार रहने ।
- **सम्पर्क विवरणः** कम्पनीको विस्तृत सम्पर्क नम्वर, कार्यालयहरूको ठेगाना र इमेल सम्वन्धी विवरण कम्पनीको आधिकारिक वेबसाइट https://www.nepaltransit.gov.np/ मा राखिएको छ ।

## ६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

कम्पनीले प्रदान गर्ने विभिन्न सेवाको दस्तुर र सो प्राप्त गर्न लाग्ने समयको विवरण देहाय बमोजिम रहेको छः

### १. <u>कोलकाता/हल्दिया शाखा</u>

क. प्रतिशत आधारित शुल्क दर (Cost insurance and Freight (CIF) मूल्य अनुसार)ः

- क्लियरिङ्ग सेवाः कुल सि.आइ.एफ. (CIF) मूल्यको ०.८५%
- अण्डरटेकिङ्ग सेवाः कुल सि.आइ.एफ. मूल्यको ०.१५%

ख. Box Rate प्रणाली अनुसार कन्टेनरको दरः

| कन्टेनर संख्या | कन्टेनरको प्रकार | सेवा शुल्क प्रति कन्टेनर (भा.रु.) |
|---|---|---|
| १ –३ वटा | २० फिट | ९,०००/- |
| १ –३ वटा | ४० फिट | १०,०००/- |
| ४ –१० वटा | २० फिट | ८,०००/- |
| ४ –१० वटा | ४० फिट | ९,०००/- |
| १० भन्दा बढी जतिसुकै कन्टेनर | २० फिट | ७,५००/- |
| १० भन्दा बढी जतिसुकै कन्टेनर | ४० फिट | ८,५००/- |

## २. काकडभिट्टा शाखा

| सेवा | क्लियरिङ्ग | अन्डरटेकिङ्ग | जम्मा |
|---|---|---|---|
| आयात तर्फ | ०.३५ % | ०.१५% | ०.५% |
| निर्यात तर्फ | ०.२५% | ०.१५% | ०.४% |

## ३. बिरगंज शाखा

| कार्य दिन | निर्यात (पैसा प्रति के.जी.) | आयात (पैसा प्रति के.जी.) |
|---|---|---|
| (क) सामान प्राप्त भएको मिति देखि ७ दिन सम्म | ०।०२ पैसा | ०।०५ पैसा |
| (ख) सामान प्राप्त भएको आठौ दिन देखि ३० दिन सम्म | ०।०३ पैसा | ०।०७ पैसा |
| (ग) सामान प्राप्त भएको ३१औं दिन देखि ६० दिन सम्म | ०।०४ पैसा | ०।१० पैसा |
| (घ) सामान प्राप्त भएको ६१औं दिन देखि मातथ | ०।०५ पैसा | ०।१५ पैसा |

**रक्सौल गोदामको भाडादर :-**

(क) पहिलो ३ दिन रु. ४ प्रति दिन प्रति टन,
(ख) ४ दिन ७ दिन रु. ५ प्रति दिन प्रति टन,
(ग) ८ दिन १५ दिन रु ८/५० प्रति दिन प्रति टन,
(घ) १६ दिन माथिको लागि रु. १० प्रति दिन प्रति टन ।

## ४. त्रि.अ.वि. Air Cargo Building शाखा

| क्र.सं. | मालसामानको प्रकृति | निर्यात गर्दा | आयात गर्दा |
|---|---|---|---|
| १. | साधारण | प्रति के.जी. रु. १।४६ वा रु. २९२।८२ मध्ये जुन बढी हुन्छ । | प्रति के.जी. सात रुपैयाँ त्रियासी पैसा वा एक सय छयालिस रुपैयाँ एकचालिस पैसा मध्ये जुन बढी हुन्छ |
| २. | बहुमूल्य | प्रति के.जी. तीन रुपैयाँ छैसट्टी पैसा वा तीन सय छैसट्टी रुपैयाँ तीन पैसा मध्ये जुन बढी हुन्छ । | प्रति के.जी. एघार रुपैयाँ बहत्तर पैसा वा दुई सय बयानब्बे रुपैयाँ बयासी पैसा मध्ये जुन बढी हुन्छ । |
| ३. | नाशवान | प्रति के.जी. दुई रुपैयाँ त्रियानब्बे पैसा वा दुई सय बयानब्बे रुपैयाँ बयासी पैसा मध्ये जुन बढी । | प्रति के.जी. एघार रुपैयाँ बहत्तर पैसा वा दुई सय बयानब्बे रुपैयाँ बयासी पैसा मध्ये जुन बढी हुन्छ । |
| ४. | खतराजन्य | प्रति के.जी. सात रुपैयाँ तेत्तिस पैसा वा सात सय बतिस रुपैयाँ पाँच पैसा मध्ये जुन बढी हुन्छ । | प्रति के.जी. तेइस रुपैयाँ त्रिचालिस पैसा वा पाँच सय पचासी रुपैयाँ चौंसठी पैसा मध्ये जुन बढी हुन्छ । |
| ५. | एक्सप्रेस कुरियर ब्याग, कुरियर पार्सल एक्सप्रेस कार्गो | प्रति के.जी. सात रुपैयाँ तेत्तिस पैसा वा एक सय छयालिस रुपैयाँ एकचालिस पैसा मध्ये जुन बढी । | प्रति के.जी. सात रुपैयाँ तेत्तिस पैसा वा दुई सय बयानब्बे रुपैयाँ बयासी पैसा मध्ये जुन बढी हुन्छ । |
| ६. | जीवित जनावर निर्यात वा आयात गर्दा बहुमूल्य मालसामान निर्यात वा आयात गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर । | | |

# ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

कम्पनीले सेवा प्रदान गर्ने सिलसिलामा विभिन्न चरणमा गर्नुपर्ने निर्णयहरु प्रचलित ऐन, कम्पनीको प्रबन्धपत्र, विनियमावली तथा स्वीकृत कार्यविधिको आधारमा प्रक्रिया मिलाइएको छ। निर्णय गर्ने तह र अधिकारीको विवरण देहाय बमोजिम रहेको छः

- **नीतिगत निर्णयः** कम्पनीको दीर्घकालीन योजना, वार्षिक बजेट, मूल्य निर्धारण र नीतिगत विषयमा सञ्चालक समिति (Board of Directors) अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ।

- **प्रशासनिक निर्णयः** कम्पनीको दैनिक प्रशासनिक कार्य, कर्मचारी व्यवस्थापन र सञ्चालक समितिले दिएको अख्तियारी बमोजिमका निर्णयहरू महाप्रवन्धकबाट हुनेगर्दछ।

- **प्रशासनिक तथा प्राविधिक निर्णयः** विभागीय कार्यहरू, खरिद प्रक्रिया र प्राविधिक विषयमा सम्बन्धित विभागीय प्रमखु (Director/Manager) वा शाखा प्रमुखहरूले तोकिएको कार्यविधि बमोजिम निर्णय गर्दछन् ।

- **निर्णयको आधारः** सबै निर्णयहरू 'नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको प्रबन्धपत्र तथा नियमावली', 'कर्मचारी सेवा विनियमावली', 'आर्थिक प्रशासन विनियमावली', खरिद विनियमावली, पारवहन सन्धिहरू, लगानी तथा साझेदारी विनियमावली, अन्य निकायसँग गरेका सम्झौताहरू तथा प्रचलित कानुनका प्रावधानहरूको अधिनमा रही गरिन्छ।

## ८. निर्णय विरुद्ध उजुरी सुन्ने अधिकारीः

निर्णय उपर उजुरी सन्ने अधिकारीः कम्पनी व्यवस्थापनबाट भएको निर्णय उपर चित्त नबुझेमा सञ्चालक समिति समक्ष पनुरावेदन गर्न सकिने व्यवस्था रहेको छ । पदपुर्ति सम्वन्धी निर्णय उपर चित्त नबुझेमा पदपूर्ति समिति समक्ष पनुरावेदन गर्न सकिने व्यवस्था रहेको छ । ग्राहक गुनासोको हकमा सम्बन्धित कार्यालय प्रमुख वा गुनासो सुन्ने अधिकारी समक्ष उजुरी गर्न सकिने व्यवस्था छ ।

## ९. सम्पादन गरेका कामको विवरणः

नेपाल पारवहन तथा गोदाम कम्पनी लि.को आ.व. २०८२।८३ को अन्त्यसम्म सम्पादन भएका मुख्य कार्यहरू निम्नानुसार रहेका छन् :

- **काकडभित्ता फूलबारी** रुटमा आयात तर्फ १८५३ वटा र निर्यात तर्फ ३६९ वटा **Consignment** तथा आयात तर्फ ५७२० वटा र निर्यात तर्फ ७८० वटा **कार्गो** क्लियारिङ्ग/अन्डरटेकिङ्ग सेवा प्रदान गरिएको छ ।
- **कोलकाता शाखा** कार्यालयबाट **असार मसान्तसम्ममा** कोलकता पोर्टमा जम्मा २७२ वटा अन्डरटेकिङ्ग सेवा प्रदान गरिएको छ भने सोहि अवधिमा नेपाल राष्ट्र बैंकको जम्मा ३ वटा कन्साइन्मेन्ट र निजी क्षेत्रको १ वटा कन्साइन्मेन्टको १६ वटा क्लियरिङ्ग तथा फर्वाडिङ्ग सेवा प्रदान गरिएको छ।
- **त्रि.अ.वि शाखा**बाट **असार मसान्तसम्ममा** आयात तर्फ १२०९९ मे.ट. र निर्यात तर्फ १७१६५ मे.ट. मालसामान (कार्गो) प्रबन्ध/व्यवस्थापन गरिएको छ।
- कम्पनीको पाँच वर्षे व्यवसायिक योजना तयार गरिएको,
- हल्दिया स्थित लिज जमिनमा उपयुक्त व्यवसायिक अवसरको सम्भाव्यता अध्ययन सम्पन्न गरिएको,
- काठमाडौं उपत्यकामा र काकडभिट्टामा व्यवसायिक गोदाम सञ्चालन सम्भाव्यता अध्ययन सम्पन्न गरिएको,
- पानीट्यांकी- फुलबारी रुटमा ढुवानी सेवा सञ्चालनको सम्भाव्यता अध्ययन सम्पन्न गरिएको,
- रक्सौल क्षेत्रमा नयाँ व्यवसायिक अवसर पहिचान र सहकार्यका लागि CONCOR तथा अन्य पक्षहरु सँग सहकार्य गरिएको,
- नेपाली फ्रेटफर्वाडरसँग सेवा सुदृढीकरणका सम्बन्धमा काठमाडौंमा छलफल गरिएको,

- क्लियरिङ्ग व्यवसायको बजारीकरण कार्य योजना तयार गरी कार्यान्वयन गरिएको,
- Nepal Financial Reporting Standards (NFRS) अनुसार कम्पनीमा भएका कारोबारलाइ समायोजन गरी (NFRS) लागू गरिएको,
- घर विदा वापतको दायित्व नागरिक लगानी कोषमा कोष खडा गर्ने व्यवस्था गरिएको,
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा देखिएका कैफियतहरू सुधार गर्न वार्षिक कार्य योजना तयार गरी आवश्यक सुधार गरिएको,
- कम्पनीले सञ्चालन गरिरहेको प्रणालीहरूको टेक्निकल अडिट तथा जोखिम परीक्षण गरिएको,
- सबै महाशाखा/शाखा तथा कर्मचारीको कार्यविवरण लागू गरिएको,
- काकडभिट्टा/पानीट्यांकी-फुलवारी/बंगलाबन्द रूटको GIS मा आधारित प्रोफाइल तयार गरिएको,
- BBIN MVA को TRAIL RUN सञ्चालनमा कम्पनी सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत परराष्ट्र मन्त्रालयमा प्रस्ताव पेश गरिएको,
- पानीट्यांकी-फुलवारी रूटमा आयात निर्यात हुने पारवहन कार्गो ढुवानी सेवा सञ्चालन गर्न दुई वटा ट्रक/टेलर खरिद गरिएको,

## १०. सूचना अधिकारी र प्रमुखको नाम, पदः

**यस कम्पनीको केन्द्रीय कार्यालयमा रहेका प्रमुख र सूचना अधिकारीको विवरण निम्नानुसार रहेको छः**

| क्र.स. | पद | नाम | सम्पर्क |
|---|---|---|---|
| १. | कार्यालय प्रमुख (महाप्रवन्धक) | प्रकाश प्रसाद पोखरेल | ०१-४५४१९८५ |
| २. | सूचना अधिकारी (प्रवन्धक) | तुलसी पोखरेल | ९८४१७५४७८१ |

## ११. ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरूको सूचीः

### क. संवैधानिक तथा नीतिगत

- नेपालको संविधान
- विभिन्न देशहरुसँग नेपाल सरकारले गरेका पारवहन सन्धिहरु
- वाणिज्य नीतिः नेपाल सरकारको वाणिज्य नीति, २०८१
- नेपाल सरकारका निर्देशनहरूः नेपाल सरकारबाट समय समयमा प्राप्त हुने निर्देशनहरू ।

**ख. कम्पनी सञ्चालन सम्वन्धी विनियमावलीहरू**

- प्रवन्धपत्र तथा नियमावली
- कम्पनीको कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ (दोस्रो संशोधन, २०७९)
- कम्पनीको आर्थिक प्रशासन विनियमावली ,२०८१ (पहिलो संसोधन)
- कम्पनीको खरिद विनियमावली, २०८१
- लगानी तथा साझेदारी विनियमावली, २०८१

**ग. व्यवसायिक ऐन तथा नियमहरूः**

- कम्पनी ऐन, २०६३: कम्पनी दर्ता र सञ्चालनका लागि।
- उपभोक्ता संरक्षण ऐन, २०७५: उपभोक्ताको हित संरक्षण र मूल्य स्थिरीकरणका लागि।
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६४: खरिद, ढुवानी र बोलपत्र प्रक्रियाका लागि।

**घ. सुशासन तथा अन्य निर्देशिकाहरूः**

- सशुासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४: प्रशासनिक पारदर्शिता र उत्तरदायित्वका लागि।
- विद्युतीय कारोबार ऐन, २०६३: Office Automation र अनलाइन प्रणाली सञ्चालनका लागि।
- नपोल लेखामान (NFRS): वित्तीय प्रतिवेदन तयार गर्ने सम्बन्धी मापदण्ड

## १२.आर्थिक कारोवार सम्बन्धी विवरणहरूः

चालु आ.व. २०८२/८३ का लागि नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीको स्वीकृत वार्षिक वजेट तथा खर्च देहाय अनुसार रहेको छ ।

| बजेट शिर्षक | विनियोजित बजेट | असार मसान्त सम्म खर्च | वित्तीय प्रगति(प्रतिशतमा) |
|---|---|---|---|
| चालु | ३३,९३,२३,००० | २४,३४,३८,१८६.२५ | ७१.७४ |
| पुँजीगत | ६,२८,२५,००० | २,१२,१२,३२३.६४ | ३३.७६ |
| **जम्मा** | **४०,२१,४८,०००** | **२६,४६,५०,५०९.८८** | **६५.८१** |

चालु आ.व. २०८२/८३ को नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीले अनुमानित आम्दानी र वास्तविक आम्दानी देहाय अनुसार रहेको छ ।

| शिर्षक | प्रस्तावित आम्दानी (रु.) | वास्तविक आम्दानी (रु.) | आम्दानी प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| गोदाम सेवा शुल्क | २६,६०,००,००० | २३,८७,२१,२४६.०६ | ८९.७४ |
| क्लियरिङ्ग सेवा शुल्क | ४,३०,००,००० | ५,२८,७५,६०५.१७ | १२२.९७ |
| अण्डरटेकिङ्ग सेवा शुल्क | ४,५०,००,००० | ४,३७,६७,०९७.४६ | ९७.२६ |
| ट्रक सञ्चालन आम्दानी | १,२६,९६,००० | ० | ० |
| विविध आम्दानी | ५,००,००० | ३,४५,८१०.१४ | ६९.१६ |
| व्याज आम्दानी | ३,५०,००,००० | १,३०,२८,६८५.३० | ३७.२२ |
| **जम्मा** | **४०२,१९६,०००** | ३४,८७,३८,४४४.१३ | ८६.७१ |

## १३.कम्पनीको वेबसाईट सम्बन्धी विवरणः

कम्पनीको आधिकारिक वेबसाइट https://nepaltransit.gov.np/ रहेको छ। यस वेबसाइट मार्फत कम्पनीले आफ्नो परिचय, सेवाहरू र सूचनाहरू सार्वजनिक गर्ने गर्दछ साथै कम्पनीका लागि केहि गुनासो तथा सुझावहरु भए सोहि अनुसार पेश गर्न समेत सकिनेछ ।

## १४.कम्पनीका सूचनाहरू प्रकाशन सम्बन्धी विवरणहरूः

कम्पनीका वार्षिक कार्यक्रम, नीति तथा प्रगति विवरणहरू नियमित रूपमा वेबसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ। सार्वजनिक बोलपत्र (Tender), खरिद प्रक्रिया र सूचनाहरू राष्ट्रिय स्तरका दैनिक पत्रिका र वेबसाइटमा नियमानुसार प्रकाशन गर्ने गरिएको छ।

## १५.सूचनाको हक र पारदर्शिता सम्बन्धी विवरणः

कम्पनीले सूचनाको हक सम्बन्धी ऐन र सुशासनको मान्यता अनुरुप पारदर्शिता कायम गर्नको लागि नागरिक बडापत्रको व्यवस्था, सरोकारवालासँग नियमित छलफल, नियमित सूचना प्रकाशन लगायतका कार्यहरू गरिएको छ।

## १६.सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

यस कम्पनीको केन्द्रीय कार्यालयमा यस अवधिमा सूचना तथा जानकारीको माग सम्बन्धी निवेदन प्राप्त नभएको तर मौखिक रूपमा माग गरिएका सूचना नियमानसुार उपलब्ध गराइएको छ।